

# अन्लाईन शिक्षाकालागी तयारी

## अभिभावक तथा रेखदेखकर्ताहरूकालागी जानकारी

थप जानकारीका लागी, हेर्नुहोस
**ourlearning.sa.edu.au**

Government of South Australia
Department for Education

# अन्लाईन पढाईकालागी तयारी



## अभिभावक तथा रेखदेखकर्ताकालागी जानकारी

अनलाइन पढाईको उद्देश्य घर र स्कूल बीचको शिक्षाको निरन्तरता दिनलाई शिक्षकहरूसँग पहिल्यै देखी भैरहेको पठन पाठन सम्वन्धी स्रोतसाधनहरूको पूरक हो।

यो निर्देशिका तपाईंलाई आफ्नो बच्चाको अनलाइन पढाईमा सहयोग गर्न मद्दत गर्न तयार पारिएको हो। यसले व्यावहारिक सल्लाह र सहयोगको बारेमा उपलब्ध जानकारी समावेश गर्दछ यदि तपाईंलाई आवश्यक पर्छ भने।

राज्य भरका धेरै स्कूलहरूले हाल शिक्षण र शिक्षालाई टेवा दिन लर्निंग म्यानेजमेन्ट सिस्टम (LMS) प्रयोग गर्दैछन र तपाईं यी विधिहरूसँग परिचित भैसकेको हुन सक्नुहुन्छ। तपाईंको बच्चाको अनलाइन पढाईको बारे धेरैभन्दा धेरै बुझ्नु भनेको नै तयार हुनु हो।



### पढ्ने वातावरण

- एउटा राम्रो हल्लाखल्ला नहुने र नभुल्याउने (समर्पित) पढ्ने ठाउँ तयार पार्नुहोस।
- तपाईंको बच्चाका लागी उपयुक्त कुर्सीको र मेच वा टेबलको ब्यवस्था गर्नुहोस्।
- यदि तपाईंको बच्चाले प्रत्यक्ष भिडियो प्रशारण प्रयोग गर्दैछन भने त्यसका लागी उचित वातावरण हुनुपर्छ।



### संरचना

- तपाईंको स्कूलले अध्ययन गतिविधिहरू, परिक्षाहरू र समय तालिकाहरूको विशेष विवरणहरू प्रदान गर्दछ।
- निश्चित गर्नुहोस् कि यी सूचनाहरूको निगरानी गर्दै हुनुहुन्छ र तपाईंको बच्चाले उनीहरूको शिक्षकको अपेक्षा बुझ्दैछन र कार्य तालिकाको पालना गर्दैछन् भन्ने।
- तपाईंको बच्चा कसरी समायोजित हुँदैछन्, उनको पढाईको प्रगति कस्तो छ र उनले अनलाइनमा सुरक्षित रहन के गर्दैछन भन्ने बारे उनलाई  नियमित रूपमा सोध्ने गर्नुहोस्।



## प्रविधि

तपाईंको बच्चालाई आवश्यक पर्ने निम्न हुन्:

- एउटा उपयुक्त उपकरण जस्तै डेस्कटप कम्प्युटर, ल्यापटप, आईप्याड वा ट्याब्लेट जुनमा एकै साथ शब्द प्रसंस्करण र भिडियो कलहरू चल्न सकुन्। यदि तपाईंसँग त्यस्तो उपकरण छैन भने, तपाईंको बच्चाको स्कूलमा कुरा राख्नुहोस् बा उनीहरूले सहयोग गर्थे कि। कागजी स्रोतसाधनहरू पनि प्रदान गर्न सकिन्छ।
- तपाईंको बच्चाको शिक्षाको लागि विशेष सफ्टवेयर आवश्यक पर्छ। कृपया सूचित हुनुहोस् कि कशा ३ र माथिका सबै विद्यार्थीहरूले अफिस ३६५ चलाउन पाँउछन्, जसले माईक्रोसफ्ट वर्ड र एक्सेल जस्ता कार्यक्रमहरू समावेश गर्दछ।
- घरमा जडान गरिएको भरपर्दो ईन्टरनेट।
- उनीहरूको सिकाई व्यवस्थापन प्रणाली वा स्कूल पोर्टलमा पहुँच, वेब ठेगानाहरू, प्रयोगकर्ताको परिचय (आई.डी. हरू) र पासवर्ड। वेबक्याम (कम्प्युटरमा भएको फोटो खिच्ने यन्त्र)को आवश्यकतालाई विचार गर्नुहोस् यदि यो तपाईंको कम्प्युटर वा ल्यापटपमा जडित छैन भने।



## सहयोग

- तपाईंको स्कूललाई सम्पर्क गर्नुहोस् यदि तपाईंको बच्चाको लागि उपयुक्त उपकरण वा इन्टरनेटको ब्यवस्था छैन भने।
- उनीहरूले तपाईंलाई वैकल्पिक समाधान दिनेछन्।
- पासवर्ड फेर्न र तपाईंको स्कूलको प्राथमिक शिक्षा व्यवस्थापन प्रणालीको बारे प्राविधिक सहयोग लिनलाई तपाईंको बच्चाको स्कूलमा सम्पर्क गर्नुहोस्।
- स्कूल र घर बीच निरन्तर सिकाईमा सहयोग गर्ने स्रोत साधनहरूको लागि Our Learning SA हेर्नुहोस्।
- ताजा जानकारी (सूचना र उपयोगी लिंक सहित) पाउन Department for Education website हेर्नुहोस्।
- याद राख्नुहोस् कि तपाईंको बच्चाको शिक्षा र प्रगति वरपरका प्रश्नहरूको लागि उनिहरुको शिक्षक सम्पर्क गर्ने पहिलो ब्यक्ती रहन्छन्।

Government of South Australia
Department for Education

थप जानकारीका लागी, हेर्नुहोस
**ourlearning.sa.edu.au**

0420_103